नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सङ्घीय मामिला शाखा
सिंहदरबार, काठमाडौं

प.सं.२०८२/०८३ च.नं. ८६

मिति २०८२/१०/२९

११४६ सिल्लागा

<u>बिषयः- अंग्रेजी भाषाको सिफारिस पत्रका ढाँचा सम्बन्धमा (पुन ताकेता गरिएको)।</u>

श्री स्थानीय तह(सबै)

प्रस्तुत विषयमा यस मन्त्रालयको मितिको प.सं. २०८२/०८३, च.नं. १३८ २०८२/०७/१३ को पत्रसाथ परराष्ट्र मन्त्रालयबाट प्राप्त "विदेशको प्रयोजनका लागि स्थानीय तहहरुबाट जारी हुने सिफारिस पत्रहरु तथा कागजातहरुको अंग्रेजी भाषाको ढाँचा" प्रथमपटक अनुरोध गरिएको र च.नं. ८३ मिति २०८२।१०।१२ मा पुनः विदेशी मुलुकमा पेश गरिने प्रमाणिकृत कागजातहरुको एकरुपता, विश्वसनीयता कायम गर्न स्थानीय तहले गर्नुपर्ने विभिन्न सिफारिसहरु तथा कागजात प्रमाणित गर्दा परराष्ट्र मन्त्रालयको मिति २०८२/०७/११ को पत्रसाथ पठाइएका देहायका ढाँचाहरु (संलग्न) र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ को अनुसूचिमा उल्लेख भएका ढाँचा (अंग्रेजी भाषा) अनुसार गर्नु गराउनु हुन अनुरोध गरिएकोमा हालसम्म पनि कतिपय स्थानीय तहबाट उपरोक्त अनुसारका ढाँचा प्रयोग नगरी उल्लेखितभन्दा फरक किसिमले प्रमाणिकृत भई आउने गरेकोले कन्सुलर विभागबाट गरिने सेवा प्रवाहमा प्रत्यक्ष असर परी सेवाग्राही नागरिकहरुले अनावश्यक झन्झट र कष्ट समेत व्यहोर्नु परेकोले तहाँ स्थानीय तहका वडा कार्यालयबाट गरिने सिफारिस लगायतका पत्रमा उल्लेखित कागजातहरु यसै पत्रसाथ संलग्न ढाँचा (अंग्रजी भाषा) अनुसार तयार गरी गराई पठाउनु हुन यस मन्त्रालयको मिति २०८२।१०।२९ को निर्णयानुसार पुन अनुरोध छ।

२०८२।१०।२९

(हरिप्रसाद पौडेल)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री माननीय मन्त्रीज्यूको नीजि सचिवालय, परराष्ट्र मन्त्रालय, काठमाडौं।

श्री परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग, काठमाडौं।

श्री नेपाल नगरपालिका संघः आवश्यक समन्वय तथा सहजीकरण गरिदिनु हुन।

श्री गाउँपालिका राष्ट्रिय महासंघ नेपालः आवश्यक समन्वय तथा सहजीकरण गरिदिनु हुन।

श्री सूचना प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः

*<u>स्थानीय तहको **email**</u>* तथा ***<u>Portal</u>*** *<u>मार्फत जानकारी गराईदिनु हुन।</u>*

फोनः ४२००२८६, email: federal.affairs1@gmail.com, वेबसाइट : www.mofaga.gov.np